CIVIC ACTION TEAMS

Coronavirus CivActs Campaign presents

# FAIR FACTS


**अंक ११७**

१९ ।०४ ।२०७८



काभ्रेको धुलिखेलमा खोप लगाउन लागेको भिड । नेपाल सरकारले लक्षित समूहको लागि खोप भने पनि, अन्य उमेर समूहका व्यक्तिले समेत लाईनमा बसेर खोप लागाईरहेकाछन् ।

*तस्विर: रोजन तामाङ*




२०७८ साल चैत्र मसान्त भित्र कोभिड - १९ विरुद्धको खोप सबै नेपालीको पहुँचमा पुर्‍याउने सरकारको योजना सार्वजनिक ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**जोन्सन एण्ड जोन्सन खोप लगाउँदा झनै बिरामी परिन्छ रे ।**

पहिले कुनै पनि कारणले गम्भिर प्रकारको allergic reaction वा एनाफाईलेक्सिस भएका व्यक्तिले भने यो खोप लगाउनु हुदैन ।

**कोरोना विरुद्ध खोप लगाउने वित्तिकै पूर्ण रुपमा सुरक्षित भईदैन**

दशरथ भण्डारी कोरानाको खोपको दुबै मात्रा लगाएका कारण जोखिममा नपर्ने भ्रमबाट मुक्त भइसकेका छन् ।

**महत्वपूर्ण विषयवस्तु छोडेर जनता र सरकारको ध्यान राजनीतिक घटनाक्रमले तान्यो ।**

घटनाहरु प्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित नभएपनि, यसले कोभिड प्रतिकार्यलाई भने नराम्ररी प्रभाव पार्‍यो ।

# फ्याक्ट सिट


## सबै नेपालीलाई पूर्ण खोप उपलब्ध गराउन सरकारको ठोस योजना आवश्यक छ

अहिले सम्म प्राप्त खोपको मात्रा: **९७,८२,८५०**

कोभिशिल्ड खोप: **२४,४८,०००**

भेरोसेल खोप: **५८,००,०००**

जोन्सन एण्ड जोन्सन खोप: **१५,३४,८५०**



भारत सरकारबाट अनुदान प्राप्त: **११,००,०००**

भारतबाट खरिद गरिएको: **१०,००,०००**

कोभ्याक्स सुविधाबाट अनुदान प्राप्त: **३,४५,०००**


चीन सरकारबाट बनुदान प्राप्त: **१८,००,०००**

चीनबाट खरिद खगरिएको: **४०,००,०००**

संयुक्त राज्य अमेरिकाबाट अनुदान प्राप्त : **१५,३४,८५०**



२०७८ साल असोज महिना सम्म प्राप्त हुने गरी सम्झौता गरिएको: **८६,००,०००**



चीनबाट खरिद गरिने : **६०,००,०००**

कोभ्याक्स सुविधाबाट अनुदान प्राप्त हुने : **१६,००,०००**

भारतबाट खरिद गरिने : **१०,००,०००**

**१६,००,०००** कोभ्याक्स सुविधाबाट अनुदान प्राप्त हुने

**१,५०,००,०००** कोभ्याक्सबाट खरिद गरिने

२०७८ साल चैत्र महिना सम्म प्राप्त हुने गरी सम्झौता गरिएको: **२,६३,००,०००**





१८ वर्ष माथिको जम्मा जनसंख्या *(हाल सम्म खोपको लागि योग्य उमेर समुह)*: **१,७६,२३,८६६**



२०७८ साल चैत्र महिना सम्म प्राप्त हुने जम्मा खोपको मात्रा: **४,४६,८२,८५०**



१८ वर्ष माथिको जनसंख्याले खोप प्राप्त गरेको प्रतिशत: **१०.२८%**

स्रोत: https://www.facebook.com/mohpnep/photos/a.489825198172671/1203603786794805/

# हल्ला र तथ्य

लक्षित समुहमा परेका तर, शारीरिक रुपमा अशक्त भएका कारण खोप केन्द्र जान नसक्ने व्यक्तिलाई सरकारले घरमै आएर खोप लगाईदिन्छ भन्छन् नी ?

यस सम्बन्धमा सरकारले अहिले सम्म घरघरमा खोप लगाईदिने रणनीति तयार गरिसकेको छैन । तर, कसैलाई गाह्रो छ र लक्षित बर्गमा पर्नुहुन्छ भने, उहाँहरुलाई नजिकैको आफ्नो स्थानीय तहको खोप केन्द्रमा लैजाने व्यवस्थाका लागि सम्बन्धित जिल्ला खोप समन्वय समितिले काम गरिरहेकाछन् । कोही व्यक्ति लक्षित बर्गमा परेर पनि खोप लगाउन गाह्रो भएको छ भने, स्थानीय वडा कार्यालयसँग समन्वय गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

Source: https://cutt.ly/pQhCJja

अब १२ वर्ष उमेर माथिका बालबालिकाको लागि पनि सरकारले खोप ल्यायो भन्ने सुनिन्छ । कहिलेदेखी लगाउने हो बालबालिकालाई खोप ?

१२ वर्ष उमेर माथिका बालबालिकालाई लगाउन मिल्ने फाईजर खोपका लागि सकारात्मक रुपमा कार्य अगाडी बढिरहेको कुरा सरकारले भनेको छ । यस अन्तरगत ६० लाख डोज फाईजर खोप नेपाल सरकारले ल्याउने छ । तर, सो खोप कहिले आउने भनेर एकिन भईसकेको छैन ।

Source: https://cutt.ly/Nm49ros

जोन्सन एण्ड जोन्सन खोप लगाउँदा झनै बिरामी परिन्छ रे । के साँचिकै यो खोप भरपर्दो नभएकै हो ?

जोन्सन एण्ड जोन्सन खोप लगाईसकेपछि खोप लगाएको ठाउँमा दुख्ने, हल्का रातो हुने, सुनिने र चिलाउने, थकाई लाग्ने, कमजोरी भएको महसुस हुने, जाडो महसुस हुने, ज्वरो आउने, टाउको दुख्ने, जोर्नी दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, घाँटी दुख्ने, खोकी लाग्ने जस्ता असरहरु सामान्य हुन । त्यस्ता असरहरु १/२ दिनपछि आफै ठिक हुन्छन् । त्यस भन्दा बाहेक कुनै गम्भिर लक्षण देखिएमा भने तुरुन्त चिकित्सकको परामर्श लिनु पर्दछ । तर, पहिले कुनै पनि कारणले गम्भिर प्रकारको allergic reaction वा एनाफाईलेक्सिस भएका व्यक्तिले भने यो खोप लगाउनु हुदैन ।

Source: https://cutt.ly/gQh1eoR

# कोभिड - १९ को समयमा राजनीतिक अस्थिरता

## कोभिड - १९ को समयमा दर्ता भएका राजनीतिक घटनाहरु




**महत्वपूर्ण विषयवस्तु छोडेर जनता र सरकारको ध्यान राजनीतिक घटनाक्रमले तान्यो।**



*स्पष्टिकरण: यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरु, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरु र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि तोकिएको समयमा सम्बन्धित घटनाको प्रवृतिलाई उजागर गर्दछ ।*

सन् २०२१ मा पनि नेपालमा राजनीतिक विरोध र प्रदर्शनीले उचित स्थान पायो । २०२० मा भारतसँगाको सिमा विवादबाट सुरु भएको देशको अस्थिरताले थुप्रै राजनीतिक घटनाहरु जस्तै, प्रतिनिधिसभा विघटन र पुनर्स्थापना, राजनीतिक दल बिचको आपसी द्वन्द, प्रधानमन्त्रीको न्युक्ति लगायतका परिघटनाले निरन्तरता पायो । यो सँगै नेपाल कोभिड - १९ महामारीका कारण पनि अस्थिर बन्यो । माथी उल्लेख गरिएका घटनाहरु प्रत्यक्ष रुपमा कोभिड - १९ सँग सम्बन्धित नभएपनि, यसले कोभिड प्रतिकार्यमा भने नराम्ररी प्रभाव पार्‍यो । यो समयमा आम नागरिकको ध्यान महामारी भन्दा पनि राजनीतिक परिघटनाले तान्यो । यो बिचमा भएका राजनीतिक परिवर्तन, विरोधसभाहरु र राजनीतिक दलका आ-आफ्नै मागका कारण सार्वजनिक सेवा प्रवाह पनि नराम्ररी बिथोलियो । यसले कोभिड प्रतिकार्यको चुनौती माथी चुनौती थपियो । त्यसैले, यस महामारीको अवस्थामा राजनीतिक दलका नेतृत्वकर्ताले विरोधको नाममा समस्या खडा गरेर मुल विषयवस्तुलाई ओझेलमा पार्नुको साटो महामारी विरुद्ध एकजुट भएर लड्न जरुरी छ ।

Source: https://nepalmonitor.org/

## कतार बाहिर जुनसुकै खोप लगाएको भएपनि यात्रुहरुले अनिवार्य १० दिन होटल क्वारेन्टाईन बस्नुपर्ने

ईपीएस परीक्षा पास गरेका व्यक्तिलाई कोरिया जान पाउने । करिव १० हजार श्रमिकहरु कोरोनाका कारणले ईपिएस पास गरेर पनि रोजगारीको लागी कोरीया जान पाएको थिएनन् ।

### कतार:



- कतारले फेरी आफ्नो क्वारेन्टाईन नियम परिवर्तन गरेको छ । अगस्ट २ देखि लागु हुने गरी नेपालबाट फर्कने यात्रुहरुले होटल क्वारेन्टाईनमा बस्नुपर्ने छ ।
- कतारमा दुवै मात्रा खोप लगाएका वा कतारमै कोभिड - १९ संक्रमण भई निको भएको १२ महिना ननाघेको अवस्थामा यात्रुले २ दिन होटल क्वारेन्टाईन बस्नुपर्ने छ । दोश्रो दिनमा पिसीआर परीक्षण नतिजा नेगेटिभ आएमा भने आफ्नो गन्तव्यमा जान पाउने छन् । तर, कतार बाहिर जुनसुकै खोप लगाएका वा नलगाएका यात्रुहरूले १० दिन होटल क्वारेन्टाईन बस्नुपर्ने छ ।

### यूएई:

- अगस्ट २ देखी दुबईको सरकारी कार्यलयमा जान खोपको दुबै मात्रा पुरा गरेको वा ४८ घण्टा भन्दा कमको पिसिआर नेगेटिभ रिपोर्ट अनिवार्य गरिएको छ ।
- ३ वर्ष देखी १७ वर्ष उमेर समुहका लागि सिनोफार्म खोप परीक्षणको लागि अभिभावकको सहमतीमा ९०० जनाले नाम दर्ता गराएका छन् ।




### कुवेत:

- अगस्ट १ बाट कुवेतमा अनुमोदित खोप लगाएका आप्रवासीलाई प्रवेश अनुमती दिने निर्णय भए अनुसार पहिलो दिन ८ वटा उडानबाट ७३९ यात्रुहरु कुवेत भित्रिए ।
- नेपालबाट जोन्सन एन्ड जोन्सनको खोप लगाए पनि खोप कार्ड तच कोडमा उपलब्ध हुन नसक्दा अझै नेपालीहरूलाई कुवेत आउने अनुमति मिलेको छैन । चाँडै तच कोड सिस्टम ल्याइने जनाईएको छ ।
- कुवेतले नेपाल लगाएत कोरोना हाई रिस्क ५ देशबाट सिधा उडान १० अगस्ट सम्म स्थगित गरेको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ। LIVE

# कथा किनाराको

## कोरोना विरुद्ध खोप लगाउने वित्तिकै पूर्ण रुपमा सुरक्षित भईदैन

महोत्तरी सदरमुकाम जलेश्वरमा ४० बर्षदेखि पत्रकारिता गरिरहेका बरिष्ठ पत्रकार दशरथ भण्डारी गतवर्ष त कोरोनाबाट जोगिए, तर दोस्रो लहरमा श्रीमतीसँगै उनी पनि संक्रमित बने । कोरोना संक्रमितहरुको संख्यामा बृद्धि भइरहेकै समयमा बैशाख महिनाको दोस्रो हप्तामा उनी संक्रमित भएका थिए । उनलाई संक्रमण पुष्टि हुँदा उनले कोभिसिल्ड खोपको दोस्रो मात्रा लगाएको १० दिन भएको थियो ।

कोरोना संक्रमित भएको रिपोर्ट आएपछि दुई कुराले उनको मनमा अनेकन प्रश्नहरु आए । पहिलो, कोरोना विरुद्ध खोपको दुबै मात्रा लगाउँदा पनि संक्रमण देखिदो रहेछ । दोस्रो, घरमा छोरीको नवजात शिशु छ । अब उसलाई कसरी सुरक्षित राख्ने ? आफू संक्रमित भएको दोस्रो दिन छोरीलाई नवजात शिशु सहित ससुराली घर पठाए । संक्रमण भएको पाँच दिनसम्म उनलाई एकदमै अप्ठेरो भयो । त्यस बेला जलेश्वर अस्पतालमा कोभिडका बिरामीका लागि कुनै तयारी नै थिएन । तर, केही स्वास्थ्यकर्मीले जोखिम मोलेरै भए पनि भरमै आएर जेरचाह गरिदिए । जसले गर्दा उनले केही राहत महसुस गरे । पत्रकारलाई गतवर्ष भएको निर्णय अनुसार कोरोना उपचार बिमाबाट भुक्तानी दिन नमिल्ने कुराले उनलाई झन् तनाब दियो । त्यसमाथी, त्यो अवधिमा उनी प्रधानसम्पादक रहेको पत्रिका निकाल्ने काम पनि अबरुद्ध भयो ।

सूचना प्रवाह गर्ने जिम्मेवारीमा रहेका भण्डारीले आफु संक्रमित भएपछि बल्ल थाहा पाए, सरकारबाट घोषणा भएका कुनै सुविधा जनताले पाउन सकेका रहेनछन् । अर्को कुरा,

**कोरानाको खोपको दुबै मात्रा लगाएका कारण जोखिममा नपर्ने भ्रमबाट उनी मुक्त भइसकेका छन् । हुनत खोपको दोस्रो डोज लगाएको १४ दिनपछि मात्र शरीरमा**

**एन्टिबडी बन्ने कुरा विभिन्न संचारमाध्यमबाट सुनेका थिए, तर बेवास्ता गर्दा संक्रमित हुनपुगेको भण्डारी अब भने जोखिम मोल्न चाहदैनन् ।**

उनि पूर्ण स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै पुन: दैनिक काममा खटिसकेकाछन् ।



# भोइसेस आउट लाउड - मेरो कुरा



कोरोनाको पहिलो लहर चलिरहेको बेला बैशाखमा नै म सिकिस्त बिरामी परे । ७ दिन अस्पतालमा बस्नु पऱ्यो । कोरोना फोकल पर्सन हो भन्ने थाहा पाएपछि चिकित्सक पनि उपचार गर्न डराए । रिर्पोट नेगेटिभ आएपछि बल्ल मैले उपचार पाएँ । त्यसपछि ७/८ पटक पिसिआर परीक्षण गराएँ, तर संक्रमण पुष्टि भएको छैन । अहिले कोरोना बिरुद्ध कोभिसिल्ड खोपको दुबै मात्रा लगाईसकेको छु, तर पनि स्वास्थ्य मापदण्ड कडाईका साथ पालना गरेको छु । अहिले बिश्वस्वास्थ्य संगठनले कोरोनाको तेश्रो लहरको चेतावनी दिएपछि नेपाल सरकारको परिपत्र अनुसार तयारीमा जुटेका छौं ।

## केदारनाथ साह

कोरोना फोकल पर्सन,
जिल्ला स्वास्थ्य कार्यालय, रुपन्देही



## नारायण न्यौपान

बडाध्यक्ष,
तिलोत्तमा नगरपालिका -९, रुपन्देही

दोश्रो लहरको सुरु मै म आफै संक्रमित भए । कोरोना सामान्य जस्तो लाग्थ्यो, तर आफै संक्रमित भएपछि सामान्य रुपमा लिन हुदैन भन्ने अनुभव भयो । उसै पनि दोस्रो लहरले तयारी नपुग्दा थुप्रै व्यक्तिले अकालमै ज्यान गुमाउनु परेको नराम्रो पाठ सिकाएको छ । संभाबित तेश्रो लहरबाट जोगिनका लागि स्वास्थ्यकर्मीहरुसँगको सहकार्यमा तयारी अगाडी बढाएका छौं । १०० वटा आधुनिक बेड खरिद गरिसकिएको छ । अक्सिजन सेन्टर बनाइसकेका छौं । अक्सिजनको अभावमा कसैले पनि ज्यान गुमाउनु नपरोस भन्नेमा सचेत छौं ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

***फेयर फ्याक्ट्स*** *महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।*

*कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणलीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।*



Brought to you by:

accountabilitylab communities

***DISCLAIMER***

*यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*

***REACH OUT TO US ON***


- @CivicActionTeams
- @civacts
- @CivActs
- Civic Action Teams
- /accountability_lab

Email: civactsnp@accountabilitylab.org
Phone: 9851203219